## सूचना

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि "राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सर्वसाधारणको राय सुझावको लागि देहायको विवरण सहित प्रकाशन गरिएको छ।

**देहाय**

(क) नेपालको संविधानको धारा २४९ को उपधारा (४) बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, आधिकार तथा कार्यविधि सम्बन्धमा कानूनी व्यवस्था गर्नुपरेकोले यो विधेयक तर्जुमा गरिएको,

(ख) यो विधेयकको व्यवस्थाबाट नेपालको संविधानको भाग ३ मा उल्लेख गरिएको मौलिक हक र नेपाल पक्ष भएका मानव अधकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयनका सम्बन्धमा नेपालले गरेको क्रियाकलापको प्रभावकारी अनुगमन र नेपालमा मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा योगदान पुग्ने,

(ग) नेपाल सरकारलाई केही आर्थिक व्ययभार थप भएतापनि विधेयकको कार्यान्वयनबाट नेपलको मानव अधिकारको अवस्थामा हुने सुधारले मुलुकको समग्र आर्थिक र वित्तिय आवस्थामा सुधार आउने,

(घ) नेपालले दिगो विकासको समग्र लक्ष्य हासिल गर्न सकरात्मक योगदान दिने,

(ङ) नेपालको मानव अधिकार अवस्थाको सुधारसँगै मुलुकको सुशासन प्रवर्द्धनमा समेत महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको,

(च) विधेयकमा समावेश गरिएका वातावरणीय न्याय तथा अधिकारसँग सम्बन्धित विषयवस्तुले जलवायु अनुकुलनमा सकरात्मक योगदान दिने,

(छ) राष्ट्रिय मानव अधिकार आयोगलाई एउटा सक्षम, स्वतन्त्र, स्वायत्त र प्रभावकारी संवैधानिक निकायको रुपमा काम गर्न अधिकार सम्पन्न बनाउने उद्देश्यले प्रस्तुत विधेयकको मस्यौदा गरिएको हुँदा विधेयकलाई थप परिमार्जन गर्न मानव अधिकारको क्षेत्रमा काम गर्ने संघ, संस्था, मानव अधिकार रक्षक र विज्ञहरुका साथै सबै सरोकारवाला र सर्वसाधारणको महत्त्वपूर्ण राय/सुझावको अपेक्षा सहित यो सूचना प्रकाशन गरिएको,

(ज) विधेयकमा राय, सुझाव र परामर्श दिन चाहने व्यक्ति वा संस्थाले २०८१ चैत्र ३० गते भित्र आफ्नो राय, सुझाव, र परामर्श यस कार्यालयको मानव अधिकार तथा सन्धि सम्झौता महाशाखामा वा महाशाखाको इमेल ठेगाना lawopmcm@gmail.com मा पठाउनुहुन अनुरोध छ।

१८/११/२९

CamScanner